**फिदिम नगरपालिका आन्तरिक आय संकलन (ठेक्काबन्दोबस्त) कार्यविधि, २०७८**

कार्यपालिका बाट स्विकृत मिति २०७८।१२।१५

प्रमाणिकरण मिति २०७८।१२।२०

***प्रस्तावना :***

फिदिम नगरपालिका क्षेत्रको विकासको लागि नगरपालिका क्षेत्र भित्र कर,दस्तुर तथा शुल्क लगाउन र उठाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले, फिदिम नगरपालिका प्रशासकीय कार्य फछ्र्यौट ऐन २०७४ को दफा४ ले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिकाले यो कार्यबिधि बनाई लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. यो कार्यविधिको नाम "फिदिम नगरपालिका आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त कार्यविधि,२०७८" रहेको छ । यो कार्यविधि तत्काल लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ लाई जनाउँछ ।

(ख) **"नगरपालिका"** भन्नाले फिदिम नगरपालिकालाई जनाउँछ ।

(ग) **"सभा"** भन्नाले फिदिम नगरपालिकाको सभालाई जनाउँछ ।

(घ) **"कार्यपालिका"** भन्नाले फिदिम नगरपालिकाको कार्यपालिकालाई जनाउँछ ।

(ङ) **"प्रमुख"** भन्नाले फिदिम नगरपालिकाको प्रमुखलाई जनाउँछ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ८४ बमोजिम नगरपालिकाको प्रशाशकिय प्रमुखको कामगर्ने अधिकृत कर्मचारीलाई जनाउँछ ।

(छ) **"शिलबन्दी दरभाउपत्र"** भन्नाले नगरपालिकाको सूचना बमोजिम कुनै निर्माण कार्य गर्न वा मालसामान, परामर्श सेवा वा अन्य सेवा उपलब्ध गराउनको लागि ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सिलबन्दी खाम भित्र मूल्य समेत उल्लेख गरी पेश गरेको विवरण सम्झनु पर्छ ।

(ज) **"बोलपत्र"** भन्नाले नगरपालिकाको कार्यालयले खरिदका लागि प्रकाशन गरेको सूचना अनुरुप तोकेको ढाचामा बोलपत्रदाताले पेश गरेको मूल्य खुल्ने कागजात, प्रस्ताव वा दररेट सम्झनु पर्छ ।

(झ) **"बोलपत्र सम्वन्धी कागजात"** भन्नाले बोलपत्रदाताले मूल्य वा प्रस्ताव वा दररेट भरी वा

तयार गरी पेश गर्नका लागि नगर कार्यपालिकाको कार्यालयले तयार गरेको लिखत सम्झनु पर्छ र सो शब्दले बोलपत्र दातालाई दिइएको निर्देशन, स्पेशिफिकेशन, नक्सा, डिजाइन, कार्यक्षेत्रगत शर्तहरु (टर्मसअफरेफरेन्स) कार्यतालिका, मूल्याङ्कन का आधार,परिमाणसूची,सम्झौताका शर्तहरु र यस्तै अन्य कागजात समेत लाई जनाउनेछ ।

(ञ) **"ठेक्का"** भन्नाले नगरपालिकाले यस कार्यबिधि बमोजिम प्रकृया पूरा गरी बोलपत्र वा सिलबन्दी दरभाउ पत्र वा अन्य कुनै माध्यमबाट आय संकलन गर्ने सम्झौता गरेको कार्य सम्झनु पर्छ ।

(ट) **"ठेक्का सम्झौता"** भन्नाले यस कार्यबिधि बमोजिम वा प्रचलित कानून बमोजिम नगरपालिकाको आन्तरिक आय उठाउन नगरपालिका र अन्य कुनै पक्षबीच शर्त राखी गरिएको सम्झौता सम्झनु पर्छ ।

(ठ) **"कबोल अङ्क (बिड प्राइस)"** भन्नाले कुनै बोलपत्रको परीक्षण र मुल्याङ्कन समेतबाट कायम हुन आएको रकम सम्झनु पर्छ ।

(ड) **"सम्झौता मूल्य (कन्ट्रयाक्ट प्राईस)"** भन्नाले खरिद सम्झौतामा उल्लेखित खरिद मूल्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्झौता अन्तर्गत भेरिएसन आदेश जारी गरिएकोमा त्यस्तो आदेश बमोजिम भएको काम, नाप जाँच गर्दा कायम भएको मूल्य र मूल्य समायोजन भएकोमा त्यस्तो समायोजनबाट कायम भएको खरिद मूल्य समेतलाई जनाउँछ ।

(ढ) **"बहुबर्षीय सम्झौता"** भन्नाले एक वर्ष भन्दा बढी समयावधि भएको सम्झौता लाई सम्झनु पर्छ।

(ण) **"धरौटी रकम"** भन्नाले कुनै काम टुङ्गो नलागेसम्म सुरक्षण बापत राखिएको रकम (रिटेन्सन मनी) वा अर्नेष्ट मनी वा सो बापतको बिडबण्ड, पर्फर्मेन्स बण्ड सम्झनु पर्छ र सो शब्दले अन्य कुनै कारणले राखिएको धरौटी रकम समेतलाई जनाउनेछ ।

(त) **"बढाबढ"** भन्नाले यस कार्यबिधि बमोजिम नगरपालिकाले आन्तरिक आय उठाउन ठेक्का बन्दोबस्त गर्नका लागि ठेक्का लिन चाहने व्यक्तिहरुबाट डाँक बोलाई गरिएको बढाबढ सम्झनु पर्छ ।

(थ) **"डाँक"** भन्नाले बढाबढ हुँदा ठेक्का लिन चाहने व्यक्तिले सो ठेक्का सम्बन्धमा कबुल गरेको नगद वा जिन्सीको अङ्क समेत लाई सम्झनु पर्छ ।

(द) **"अमानत"** भन्नाले नगरपालिकाले यो कार्यबिधि बमोजिम आफैले सिधै आय ठेक्का ब्यबस्थापन वा सेवा सम्बन्धी कार्य गरेको सम्झनु पर्छ ।

(ध) **"स्थानीय तह"** भन्नाले गाउपालिका वा नगरपालिकालाई सम्झनु पर्दछ र सो शब्दले जिल्ला सभा  समेत लाई सम्झनु पर्द छ ।

(न) **"कार्यालय"** भन्नाले फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्द छ ।

## परिच्छेद - २

## आन्तरिक ठेक्का सम्बन्धि ब्यबस्था

३. **आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेः**

(१) ऐन र नियमावलीको अधीनमा रही नगर सभाले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न नगरपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ । तर नगरपालिकाको आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा तिन वर्ष सम्मको लागि एकैपटक ठेक्काबन्दोबस्त गर्न बाधापुग्ने छैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “आन्तरिक आय” भन्नाले नेपाल सरकार प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँड बाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक नगरपालिकाले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ ।

(२) दफा १३ बमोजिम स्थानीयतहहरुले आपसी सहमति द्वारा संयुक्त रुपमा उपदफा(१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछन् ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडिनै ठेक्का बन्दोवस्त गरी ठेक्का कार्य सम्पन्न गरिसक्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

(४) उपदफा(१)बमोजिम ठेक्का बन्दोवस्तगर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन,सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्काअङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड(क) बमोजिम असूली कार्य तालिका र कार्यान्वयन कार्य योजना तयार भईसके पछि ठेक्का बन्दोबस्त गर्नको लागि नगर सभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्यतया विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्ययोजनाको आधारमा न्यूनतम ठेक अडक एकलाख रुपैयाँ सम्मको सोझै वार्ताद्वारा र सो भन्द बढी न्यूनतम ठेक अडक भएमा शिलबन्दी दरभाउपत्र वा बोलपत्र आह्वान गरी ठेक्का बन्दो बस्त गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम शिलवन्दी दरभाउ पत्र वा बोलपत्र आह्वान गर्दा स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा अनुसुचि (१) बमोजिमको म्याद दिई सूचना प्रकाशित गर्नु पर्नेछ ।त्यस्तो सूचना जिल्ला प्रशासन कार्यालय, नगरपालिकाका सवै वडा कार्यालयहरु, कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला निर्माण व्यवसायी संस्था भए त्यस्ता संस्थाको कार्यालयमा समेत सवैले देख्ने गरी सार्वजनिक सूचना टाँस गरी सोको मुचुल्का वा टाँसेको जानकारी प्राप्त गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(१) ठेक्का बन्दोबस्तगर्न तोकिएको न्युनतम ठेक अङक ।
(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,
(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,
(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,
(५) शिलबन्दि दरभाउपत्र वा बोलपत्र फारम प्राप्त हुने स्थान ।

स्पष्टिकरण:-स्थान खुलाउँदा नगरपालिकाको निर्णयले एकभन्दा बढी स्थान, जिल्ला प्रशासन कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिने छ । इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउन सकिनेछ । यसरी इन्टरनेटबाट डाउनलोड गरिएको शिलबन्दि दरभाउपत्र वा बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ),

(६) शिलबन्दि दरभाउपत्र वा बोलपत्र पठाउनु पर्ने तरिकाः

(७) शिलबन्दि दरभाउपत्र वा बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम (कार्यालय वा अधिकारीको नाम खुलाउँदा नगरपालिकाको निर्णयले नगरपालिकाको एकभन्दा बढी स्थानर जिल्ला प्रशासन कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिनेछ ।)

(८) शिलबन्दि दरभाउपत्र वा बोलपत्र फारम बापत लाग्ने शुल्क,

(९) शिलबन्दि दरभाउपत्र वा बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय तथा खोलिने समय, मिति र स्थान,

(१०) शिलबन्दि दरभाउपत्र वा बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत वापत राख्नु पर्ने रकम वा बैंङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) दाखिला गरी सकेका शिलबन्दि दरभाउपत्र वा वोलपत्र फिर्ता लिने वा संशोधन गर्न चाहेमा सम्वन्धित फर्मले सो फाराम पेश गर्ने अन्तिम मिति र समय भित्र छुट्टै शिलवन्दी खाममा आफ्ना विवरण पेश गर्न सक्ने व्यहोरा ।

(१३) अन्य आवश्यक कुराहरुः

(च) खण्ड (ङ) को (८) बमोजिम शिलबन्दि दरभाउपत्र वा बोलपत्र फारमको दस्तुर अनुसुचि २ बमोजिम हुनेछ ।

(छ) खण्ड (ङ) बमोजिम प्रकाशीत सूचनाको म्याद भित्र पर्न आएका शिलबन्दि दरभाउपत्र वा बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी बोलपत्रदाताले बोलपत्र दिंदा खुलाउनु पर्ने कुरा,स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कारबाही, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण तथा अन्य कार्यविधि यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक शिलबन्दि दरभाउपत्र वा बोलपत्र आव्हान गर्दा शिलबन्दि दरभाउपत्रको हकमा कम्तिमा तिन वटा सिलबन्दि दरभाउपत्र र बोलपत्रको हकमा रितर्पूबकको बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको शिलबन्दि दरभाउपत्र वा बोलपत्र दाखिला नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सार्बजनिक सूचना प्रकाशीत गर्नु पर्नेछ । यसरी दोश्रोपटक सूचना प्रकासित गर्दा एउटा मात्र रितपूर्बकको सिलबन्दि दरभाउपत्र दाखिला भएमा त्यस्तो दरभाउपत्र मान्य हुने छ ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशीत गर्दा समेत शिलबन्दी दरभाउपत्र वा बोलपत्र पर्न नआएमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक डाक बढाबढको सूचना प्रकाशीत गर्नु पर्नेछ :-

(१) बढाबढ हुने स्थान,

(२) बढाबढ हुने मिति र समय ।

(३) अन्यआवश्यक कुराहरु ।

(ञ) वढावढ वाट समेत ठेक्का वन्दोवस्त हुन नसकेमा राजश्व परामर्श समितिको सिफारिसमा कार्यपालिका बाट न्यूनतम ठेक अंककायम गरी खण्ड (घ)बमोजिम ठेक्काबन्दो बस्तका लागीअनुसुचि (१) बमोजिम समयावधि दिई सार्बजनिक सूचना प्रकाशित गरी तोकिएको ठेक्का बन्दो बस्त गर्नु पर्नेछ ।

(५) उप दफा (४) को खण्ड (ङ)र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्रदिने वा बढाबढमा डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको पाँचप्रतिशत र गैर नेपाली नागरिक भए, आफूले कबूल गरेको अङ्कको दशप्रतिशत रकमनगरपालिको नाममा उक्त सूचनामातोकिएको बैंङ्कमाधरौटी वापत रकमजम्मा गरेको सक्कलभौचर संलग्न राख्नु पर्नेछ ।

(६) यस कार्य विधि बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (५) बमोजिम राखिएको धरौटी वापतको रकम सो जमानत राख्ने व्यक्तिवा संस्थाले दिएको बोल पत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्रनिजलाई फिर्ता गर्नु पर्नेछ । तर कुनै ठेक्काको चलानपूर्जी नलिए सम्म वा पट्टा नउठाएसम्म सो ठेक्काकबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत नगरपालिकाले फिर्ता नगरी स्थगित राख्नबाधा पर्ने छैन ।

(७) खण्ड(झ)बमोजिम प्रकाशित सूचनामा बढाबढको लागि तोकि दिएको समय वा मिति भन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकि दिएको स्थानमा बाहेक अन्यकुनै स्थानमा वा फोन, हुलाक वा आकाश वाणी द्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

४.**ठेक्का स्वीकृत गर्ने**ः

(१) दफा ३ को उपदफा (४) बमोजिम प्रकाशित सूचना अनुसार दाखिला हुन आएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक नगरकार्यपालिकाको कार्यालयले दफा १२ बमोजिम गठीत बोलपत्र मुल्याङ्कन समितिको सिफारिसमा कुनै कारण देखाई वा नदेखाई यस कार्यविधि बमोजिम स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोलपत्र मूल्याङ्कन समितिको सिफरिस समेतको आधारमा रितपूर्वकको बोलपत्रप्राप्तभए पछि सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

(३) दफा ३ को उपदफा (४) को खण्ड (झ) बमोजिम सार्वजनिक बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै दफा ३ को उपदफा -(५) बमोजिमको धरौटी वा वैंङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

(४) उपदफा २ र ३बमोजिमको शिलबन्दी दरभाउपत्र ,बोलपत्रवा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अधिकार दफा ९ मा उल्लिखितअधिकारीलाई हुनेछ ।

**५. पट्टादिने र कबुलियत गराउने**ः

(१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने शिलबन्दी दरभाउपत्र वा बोलपत्र वा डाँक बढाबढको स्वीकृत भैसके पछि सोको जानकारी सात दिन भित्र शिलबन्दी दरभाउपत्रदाता वा बोलपत्रदाता वा डाँकवालालाई दिनुपर्नेछ ।

(२) उपदफा(१)बमोजिम सूचना जारी गर्दा बाटाका म्यादबाहेक सात दिनको म्याद दिई सो म्याद भित्र आफ्नो कबूलबमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना मेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझ्ने नलिएमा नगरपालिका सदस्यको रोहबरमा स्थानीय पाँच जनालाई साक्षी राखी सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा सो सूचना प्राप्त भएको मानिनेछ । साथै यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा समेत सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको माानिनेछ ।

(३) उप दफा(१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जूर गरे ठेक्का बन्दोबस्त प्रमुख प्रशासकिय अधिकृतले निजसँग तुरुन्त कबुलियत गराई निजलाई पट्टावाचलन पूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुलियत गर्न मञ्जूर नगरेमा त्यस पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु शिलबन्दी दरभाउपत्र वा बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्काबन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्कावन्दो वस्तगर्दा त्यस्तो कबोल अङक न्यूनतम ठेक अङ्क भन्दा कम हुने रहेछ भने यस कार्यबिधिको प्रकृया पुर्‍याई पुनःशिलबन्दी दरभाउपत्र वा बोलपत्र आव्हान गर्नुपर्नेछ ।

(४) स्थानीयतहहरुले संयुक्त रुपमा आव्हान गरेको शिलबन्दी दरभाउपत्र वा बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाल शिलबन्दी दरभाउपत्र वा बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिन भित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । स्थानीयतहको संयुक्त समितिले पनि यसरी पेश भएको पन्ध्र दिन भित्र बोलपत्रवा डाँक स्वीकृत भए वा नभएको निकासा दिइ सक्नु पर्नेछ । सो म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले स्थानयितहलाई कुनै हानीनोक्सानीभएमाजसको ढिलाई वालापरवाहीले गर्दा म्याद भित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असूल उपर गरी लिनु पर्नेछ ।

(५) शिलबन्दी दरभाउपत्र वा बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो शिलबन्दी दरभाउपत्रदाता वा वोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक्काअङ्को कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैंङ्को बाट कम्तीमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भए पछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूचि ३ बमोजिम कवुलियत गराई अनुसूची ४ बमोजिम पट्टा दिनु पर्नेछ ।

(६) शिलबन्दी दरभाउपत्र वा बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्याद भित्र चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ३ को उपदफा (५) बमोजिम राखेको जमानत जफत भई नगरपालिकाको संचित कोषमा दाखिला हुनेछ ।

**६.ठेक्का रकमको किस्ता बुझाउनेः**

(१) नगरपालिकाले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्कनिर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ । तर यसरी कार्य तालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी हुने छैन ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेकका रकम एकमुष्ट बुझाएमा दश प्रतिशत छूट दिन सकिनेछ । तर यस्तो छूट सम्बन्धी सर्त शिलबन्दी दरभाउपत्र वा बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

**७. ठेक्कातोड्ने** :

(१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेकोमा वात्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्कातोड्न वा छोड्न पाईने छैन ।

(२) कुनै ठेकेदारले नगरपालिकाले तोकेको दर भन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवा शुल्कवा दस्तुर असूल गरेमा वा एक स्थानीयतहले लिएको करका प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई नगरपालिकाले फिर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी वाँकी सरह असूल उपर गरी निजको नाम कालो सूचीमा राखी अन्य स्थानीयतह, प्रदेश र नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी पठाउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्तभएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम गरि असूल गरी ठेक्कादिन सकिनेछ ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट नगरपालिकालाई भएको नोक्सानी र नरपालिकाले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको दश प्रतिशत सूद (व्याज) समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ। तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने नगर सभाले सो बमोजिम असूल गर्नु पर्ने रकम मध्ये राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ।

(६) नगरपालिकाले ठेक्काबन्दो बस्त गरी ठेकेदारलाई दिएको पट्टा वा चलन पूर्जीमा उल्लिखित कुनै शर्तको उल्लंघन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनु भन्दा अगावै ठेक्का छुटाएमा त्यसबाट ठेकेदारलाई भएको हानी नोक्सानी नगरपालिकाले व्यहोर्नु पर्नेछ।

८. **बक्यौता रकम असूली सम्बन्धीव्यवस्था :-**

(१) नगरपालिकाले विभिन्न कारणवाट असूल हुन नसकी वाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्य योजना वनाई रकम असूल उपर गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन समेतको सहयोग लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा असूली अङ्कको बढीमा ५ प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलव्ध गराउन सक्नेछ। एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूलीभएको भए यस्तो पुरस्कार रकम दामा साहीबाट उपलव्ध गराउनु पर्नेछ।

(४) उपदफा (१),(२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुननसकेमा सरकारी वाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ।

## परिच्छेद - ३

## *विविध*

९. **बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकारी :**

(१) आन्तरिक आय ठेक्काका लागि देहायका रकमको बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ।

(क) १ करोड रुपैयाँ सम्म प्रमुख प्रशासकीय अधिकृतले,
(ख) १करोड भन्दा माथि ३ करोड रुपैयाँ सम्म नगर प्रमुखले,
(ग) ३ करोड भन्दा माथि कार्यपालिका बाट।

१०. **स्थायी लेखानम्बर र मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र भएकासँग कारोवार गर्नुपर्ने:**

(१) नगरपालिकाले ठेक्का लगाउदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनी सँग मात्र ठेक्का वन्दोवस्त गर्नु पर्नेछ। कुनै व्यक्ति, फर्म, संस्था माथी उल्लेख भए वमोजिम दर्ता नभएको कारण प्रतिष्पर्धामा वन्चित गरिने छैन तर त्यस्तो व्यक्ति, फर्म, संस्थाले उक्त ठेक्का पाएको पन्द्र दिन भित्र सम्वन्धित निकायमा दर्ता हुनु पर्ने छ। अन्यथा नियमानुसार दोश्रो, तेश्रो क्रमका शिलबन्दी दरभाउपत्रदाता वा बालपत्रदाता लाइ ठेक्कादिईने छ।

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा स्थायी लेखा नम्बर वा मूल्यअभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त नगरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग समेत ठेक्का वन्दोवस्त गर्न सकिनेछः-

(क) एक प्राकृतिक व्यक्तिबाट एक आर्थिक वर्षमा एकलाख रुपैयाँ भन्दा कम रकमको ठेक्क ावन्दो वस्त

(ख) मूल्यअभिबृद्धि कर नलाग्ने माल सामानको ठेक्का वन्दोवस्त,

**११.बोलपत्र सम्वन्धी दस्तुरः**

(१) बोलपत्र सम्वन्धी कागजात खरिद गर्न चाहने इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले अधिकार प्राप्त अधिकारी वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको शिलबन्दी दरभाउपत्र वा बोलपत्र सम्वन्धी कागजात नगरपालिकाबाट अनुसुचि २ मा उल्लेख बमोजिमका दस्तुर तिरी लिनु पर्नेछ ।

(२) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले उपदफा (१) बमोजिमको दस्तुर र लाग्ने हुलाक वा कुरीयर महसुल तिरी बोलपत्र सम्वन्धी कागजात वा प्रस्ताव आव्हान सम्बन्धी कागजात पठाइ दिन लिखित अनुरोध गरेमा नगरपालिकाले त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई हुलाक वा कुरियर मार्फत शिलबन्दी दरभाउपत्र वा बोलपत्र सम्बन्धी कागजात पठाई दिनु पर्नेछ । तर त्यसरी पठाउँदा त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कागजात समयमा नै प्राप्त गर्न नसकेको वा अन्य कुनै कारणले ठेक्का वन्दोवस्त सम्वन्धित कार्यमा दखल गरेमा त्यसमा कतै उजुरवाजुर लाग्ने छैन ।

(३) नगरपालिकाले बोलपत्रदातालाई कर असुल गर्ने स्थलको यथार्थ जानकारी दिन आवश्यकता अनुसार सम्बन्धित स्थलको भ्रमण गराउन सक्नेछ ।

**१२. बोलपत्र मूल्याङ्कन समितिः**

(१) यस कार्यबिधि बमोजिम हुने आय ठेक्का बन्दोबस्त सम्बन्धी पर्न आएका शिलबन्दी दरभाउपत्र वा बोलपत्रको मूल्याङ्कन गरी प्रतिबेदन पेश गर्न तपशिल अनुसारको एक बोलपत्र मूल्याङकन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेका वरिष्ठ अधिकृत | -संयोजक |
| (ख) आर्थिक प्रशाशन शाखा प्रमुख | -सदस्य |
| (ग) प्राबिधिक शाखा प्रमुख | -सदस्य |
| (घ) खरीद ईकाई प्रमुख | -सदस्य |
| (ङ) राजश्व शाखा प्रमुख | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिले आबश्यक ठानेमा सरकारी वा गैर सरकारी क्षेत्रका विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले दरभाउपत्र, बोलपत्र वा प्रस्ताव मूल्याङ्कन गर्ने काममा आफूलाई सहयोग गर्न उपसमिति गठन गर्न सक्नेछ ।

(४) मूल्याङ्कन समितिको सचिवले समितिको बैठकको माईन्युट तयार गरी राख्नु पर्नेछ र समितिमा छलफल भएका सम्पूर्ण विषयको फाईल खडा गरी राख्नु पर्नेछ ।

(५) मूल्याङ्कन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(६) मूल्याङ्कन समितिले यसकार्यबिधि बमोजिम प्राप्त हुन आएका शिलबन्दि दरभाउ पत्र वा बोलपत्र समितिमा प्राप्त भएको मितिले १५ दिनभित्र मुल्याङ्कन गरि प्रतिबेदन पेश गर्नु पर्ने छ ।

**१३. सहकार्य गर्न सकिनेः**

दुई वा दुई भन्दा बढि स्थानीयतहहरु एक आपसमा सहकार्य गरि आन्तरिक आयको ठेक्का ब्यबस्थापन संयुक्त रुपमा गर्न सहमत भएमा स्थानीय तहहरुको संयुक्त सहकार्य हुन सक्नेछ ।

**१४.संसोधन र खारेजीः**

यस कार्यबिधिलाई आवश्यकता अनुसार संसोधन वा खारेजी गर्ने अधिकार नगरकार्यपालिकालाई मात्र हुनेछ ।

**१५. बचाउः**

आन्तरिक आय संकलनको लागि यो कार्यबिधि लागु हुनु भन्दा पहिला भए गरेका कार्यहरु यो कार्यबिधिले गरे सरह मानिने छ ।

## अनुसूची- १

**(दफा ३ को उपदफा ४ खण्ड(घ) संग सम्बन्धि)**

| सिनं | रकम | समय |
|---|---|---|
| १ | रु पचिस लाख सम्म | १५ दिन |
| २ | रु पचिस लाख एक माथि जतिसुकै भएपनि । | ३० दिन |

**अनुसूची - २**

**(दफा ३ को उपदफा ४ खण्ड ङ संग सम्बन्धित)**

**बोलपत्र सम्वन्धी दस्तुर**

| | |
|---|---|
| (क) दश लाख रुपैयाँसम्मको लागि | एक हजार रुपैयाँ |
| (ख) दश लाख रुपैया भन्दा माथि साठी लाख रुपैयाँसम्मको लागि | तीन हजार रुपैयाँ |
| (ग) साठी लाख भन्दा माथि छकरोड रुपैयाँसम्मको लागि | चार हजार रुपैयाँ |
| (घ)छ करोड भन्दा माथि दशकरोड रुपैयाँसम्मको लागि | पाँच हजार रुपैयाँ |
| (ङ) दश करोड रुपैयाँ भन्दा माथि पच्चिसकरोड रुपैयाँसम्मको लागि | छ हजार रुपैयाँ |
| (च)पच्चीस करोड रुपैयाँ भन्दा माथि जतिसुकै रकमको लागि | दश हजार रुपैयाँ |

**अनुसूची - ३**

**(दफा ५को उपदफा ५ संग समन्धित )**

**कबुलियतको फारम**

लिखितम.......... को नाती ............ को ............. छोरा .............. बस्ने वर्ष ......... को आगे तपसील बमोजिमको शर्तमा तपसील बमोजिम क्षेत्र मा नगरपालिकाको रकम ठेक्का बन्दोबस्त गर्ने गरी यस नगरपालिका बाट आमन्त्रित गरिएको मिति ........... सूचना नं. ........... अनुसार तपाई समेतले दिनु भएको बोलपत्र/बढाबढको व्यहोरा पेश हुँदा आर्थिक वर्ष................. को रु. ............ मा ठेक्का दिने गरी तपाई संग ठेक्का बन्दोबस्त गर्न मिति ............... म नगरपालिका बाट निर्णय भएको हुदाँ उपर्युक्त निर्णयानुसार तपरीलको शर्त बमोजिमका श्रोतबाट तपसील बमोजिकको क्षेत्र मा नगरपालिको तर्फबाट आय संकलन गर्ने ठेक्काको कबुलियत गर्न मन्जूरी भै आउनु भएको हो होइन भनी आज मलाई यस नगरपालिकाबाट सोध्ने हुदँ मेरो चित्त वुझ्यो । यसमा तपसीलमा लेखिएको शर्त बमोजिम कामकाज गर्ने गरी कबुलियत गर्न मन्जूरी भै उपस्थित भएको छु । तपसीलमा लेखिए बमोजिमको शर्तमा कुनै घटी बढी नपारी कामकाज गरी तपसीलमा लेखिए बमोजिमको मिति भित्र नगरपालिकालाई ........... किस्ताको रकम/एकमुष्ट रु. .............. बुझाई मिति ................ देखि मिति ...................... सम्म ............... आर्थिक वर्षको निमित्त ठेक्का चलाउने छु । पछि मैले कुनै कुरा मा उजूर गर्ने छैन, गरे यसै कागजातबाट

बदर गरिदिनु भनी मेरो मनोमानी खुसी राजीसंग रकम चलनको कबुलियत लेखी यस नगरपालिकामा चढाएँ ।

**तपसील**

(१) तपसीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष ............. को रु. .......... आर्थिक वर्ष ...... को रु. ............ आर्थिक वर्ष ............. को रु. .......... समेत गरी जम्मा रु............. को ठेक्का रकम प्रति किस्ता रु. ............ का दरले जम्मा ........... किस्तामा देहायको म्याद भित्र किस्ता ठेक बुझाउने गरी .............. साल .......... गतेदेखि.................. सालतकलाई प्रचलित कानूनको अधीनमा रही फिदिम नगरपालिकाको आय संकलन गर्नेछु ।

(२) उक्त आय संकलन गर्नका निमित्त फिदिम नगरपालिकाको क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको फिदिम नगरपालिकाबाट यसै साथ संलग्न सूचीका माल वस्तुमा सोही सूचीमा तोकिएको दरमा कर, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी फिदिम नगरपालिकालाई किस्ता रकम बुझाउने छु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै नगरपालिका बाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय संकलन गर्न फिदिम नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्यकुनै किसिमको कर सेवा शुल्कवा दै-दस्तुर इत्यादि लगाई लिइने छैन र यस फिदिम नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको नगरपालिकाबाट अनुगमन हुदा पाइएमा नियमानुसार कारवाही र सजाय मलाई मन्जुर छ । मैले यस रकम बापत बुझाउनु पर्ने देहायको पहिलो किस्ता पट्टा कबुलियत भएका दिन आजै बुझाउनु पर्ने रु....... सूचनामा उल्लेख भएको फिदिम नगरपालिकाको बैंक खातामा जम्मा गरेको नगद/ बैंक भौचर यसै साथ संलग्न गरेको छु ।

(४) अन्य किस्ताको हकमा तोकिएको मिति ............ भित्र यस .................. नगरपालिका मा बुझाउँदै जानेछु ।

(५) यो आय संकलन ठेक्का कबुलियत गरी चलन पूर्जी लिनको लागि कुल ठेक्का अंक रु. ............ बराबरको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैंकको मिति ........... सम्म म्याद रहेको परफरमेन्स वण्ड/नगद नगरपालिका को ........... बैंकमा रहेको खाता नं. ............... मा नगदै दाखिला गरेको बैंक भौचर संलग्न गरेको छु ।

(६) अन्य आवश्यक कुरा केही भएमा ....................

**किस्ताबन्दी :**

............... साल ............. गते देखि .......... साल ...........तक ............ वर्ष .............. महिनाको ......... जम्मा रु. ............... साल ............ तक .......... वर्ष १ को रु. ....... पहिला किस्ता पट्टा कबुलियत भएको आजै ............... बुझाउनु पर्ने रु. ..............**दोश्रो किस्ता** .............. साल ........... गते .......... नगरपालिका मा बुझाउने रु. ............**तेश्रो किस्ता** .............. साल ........... गते .......... नगरपालिका मा बुझाउने रु. ............ठेकेदार वा निजको वारेस नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत वानिजको अख्तियार प्राप्त अधिकारी

| | |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम थर : | नाम थर : |
| ठेगाना : | पद : |
| बाबुको नाम : | |
| बाजेको नाम : | |

साक्षीको नाम, थर, ठेगाना र दस्तखत : १.

२. इति सम्वत् ................................ साल.................................... गते रोज . .......................................... शुभम्

**अनुसूची - ४**
**(दफा ५ को उपदफा५ संग सम्बन्धित)**
**फिदिम नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**

**पट्टाको फाराम**

फिदिम नगरपालिका बाट श्री.को नाती श्री को छोरा.......बस्ने वर्ष को श्री.................. ले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा बमोजिम तपसील बमोजिमको क्षेत्रमा तपसील बमोजिमको शर्तमा तपसील बमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का बन्दोबस्त गर्ने गरी यस नगरपालिका बाट माग गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको व्यहोरा पेश हुँदा आर्थिक बर्षको लागि रु........अक्षरुपि मात्र मा ठेक्का दिने गरी तपाईका साथ ठेक्का बन्दोबस्त गर्ने मितिमा निर्णय भएको हुँदा उपर्युक्त निर्णयानुसार तपसीलको शर्त बमोजिम तपसीलमा लेखिएको आय संकलन गर्न मन्जूरी भै कबुलियत गरी दिनु भएको हुदाँ तपाईको कबुलियत बमोजिम तपसीलमा लेखिएको शर्तमा कति घटी बढी नपारी तपसीलमा लेखिए बमोजिम तपसीलमा तोकिएको मिति भित्र तोकिएको ठाउमा चाहिने एकमुष्ठ रुपैयाँ बुझाई मिति देखि मिति सम्मको निमित्त देहाय बमोजिमका श्रोतहरु बाट देहाय बमोजिमको दरमा आन्तरिक आय संकलन गर्ने कार्य गर्नु होला । तपाईले गरी दिनु भएको कबुलियत र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी कर, सेवा शुल्क वा दस्तुर असूल गरेको वा फिदिम नगरपालिकाले कर, सेवा शुल्क वा दस्तुर असूल गरेको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर, सेवा शुल्क वा दस्तुर असूल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असूल उपर गरिने छ । पछि तपाईको कुनै कुरामा उजूर दाबी लाग्ने छैन भनी आजै यस फिदिम नगरपालिका बाट ठेक्का चलनको पूर्जी गरी दिइएको छ ।

तपसीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष को रु.... को ठेक्का रकम प्रति किस्ता रु......एकमुष्टले जम्मा एक किस्तामा देहायको म्याद भित्र किस्ता ठेक्का बुझाउने गरी साल असोज...गते....देखि...... सालतकलाई प्रचलित कानूनको अधीनमा रही रकम चलन गर्ने ।

**तपसील**

ठेक्काको बिवरण, परिमाण तथा दररेट सम्वन्धिविवरण